# आदर्शवाणी

**जो भुइँमा सुत्दछ, ऊ खाटबाट खस्न सक्दैन ।**

-गौतम बुद्ध

## सम्पादकीय

# राजावादीको आन्दोलन जिल्लास्तरमा

देशमा राजतन्त्र पुनर्स्थापना नगरेसम्म राजावादीहरुले काठमाडौं उपत्यकाकेन्द्रित आफ्नो आन्दोलन अविरल जारी रहने घोषणा गरेका थिए । त्यस घोषणाअनुसार आन्दोलन संचालन पनि भएको थियो । तर जति पछि भयो, उतिउति आन्दोलनमा सहभागी कम हुँदै गयो र आकर्षण पनि घट्दै गयो । जसको कारण संयुक्त जनआन्दोलन परिचालन समितिले आन्दोलनको स्वरुप परिवर्तन गर्नुपर्ने अवस्था आयो । समितिले अब आन्दोलन जिल्लास्तरमा गर्ने निर्णय गरेको छ । समितिका संयोजक नवराज सुवेदीले जारी गरेको विज्ञप्तिमा काठमाडौं उपत्यकाको विभिन्न पालिकाहरुमा विरोध प्रदर्शन निरन्तर जारी रहनेछ भन्दै देशको प्रमुख शहरहरुमा विरोध सभा, धर्ना तथा जनप्रदर्शन हुने जनाइएको छ । विज्ञप्तिमा जिल्लाहरुमा कार्यक्रम गरेपछि आन्दोलन पुनः काठमाडौंकेन्द्रित गर्ने तयारी छ ।

आन्दोलनकारीले सुरुमा राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापना गर्ने काम सजिलै हुन्छ भन्ने सोचेका थिए । तिनीहरुले नेपाली समाजलाई अझै पुरातनपन्थी रहेकोमा विश्वास गर्ने आदि सम्भेका थिए र कसैको जन्मकुण्डलीको हल्लाले पनि काम गर्छ भन्दै त्यसलाई पनि प्रायोजित गरेका थिए । तर नेपाली समाज त्योभन्दा धेरै अगाडि बढिसकेको र राजतन्त्र साटो गणतन्त्रलाई आत्मसाथ गरिसकेको अवस्थामा तिनीहरुको आन्दोलन सफल हुने कुनै सम्भावना नै देखिँदैन ।

जनआन्दोलन परिचालन समितिले आफूसँग ४५ वटा दल, समूह र अभियन्ता आवद्ध भएको दाबी गरेका छन् । त्यो संस्था धेरै भए पनि तिनीहरुको स्वार्थ फरक छ । तिनीहरुमध्ये केही निर्दलीय चरित्रका छन् भने कोही बहुदलीय स्वाभावका छन् । राप्रपा नै दुईवटा छन् । तिनीहरु एकअर्कासँग मिल्दैनन् । कतिपय हिन्दू राष्ट्र चाहनेहरु पनि राजतन्त्र किन चाहियो भन्नेहरु छन् । फेरि आफू हिन्दू हुनु र हिन्दू राष्ट्र पक्षमा लाग्नु बेग्लाबेग्लै कुरा हो । धर्मनिरपेक्ष त्यस्तै एउटा सिद्धान्त हो । त्यो आधुनिक विचार हो । त्यसै भएर नेपालको संविधानमा धर्मनिरपेक्षको सिद्धान्त अपनाएको छ । यो अगाडि जाने बाटो हो । अब देशलाई कसैले पछाडि धकेल्न चाहेर धकेल्न सक्ने छैन । स्थिति फेरिइसकेको छ । विज्ञान र प्रविधिले हामीलाई धेरै अगाडि पुऱ्याइसकेको छ । यो वास्तविकता महसुस गर्नु आवश्यक छ ।

# गणित शिक्षकलाई प्रशिक्षण

**लेखनाथ, २७ जेठ (आदर्श समाज)-** पोखरा २९ वडा कार्यालयको सहयोगमा मंगलबारदेखि गणित शिक्षकहरूका चारदिने विशेष प्रशिक्षण कार्यक्रम सुरु भएको छ ।

भण्डारढिकस्थित जनप्रकाश मावि आयोजक रहेको तालिमको संयोजक कृष्णप्रसाद पौडेल हुन् । वडाध्यक्ष श्रीप्रसाद गुरुङले कार्यक्रम उद्घाटन गर्दै शिक्षकको पेशागत सीप अभिवृद्धि तथा शिक्षण गुणस्तरमा सुधार ल्याउने उद्देश्यका साथ तालिम आयोजना गरिएको बताए । प्रमुख प्रशिक्षक प्राध्यापक एवं गणित विषयका लेखक दयाराम श्रेष्ठवाले गणित शिक्षणका आधुनिक र प्रभावकारी विधिका विषयमा प्रशिक्षण दिने छन् । प्रधानाध्यापक शेखरनाथ शर्माले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको संचालन जनप्रकाश माविका गणित शिक्षक सोविम बरालले गरेका थिए ।

# जिफाहको नवौं वार्षिकोत्सव

**पोखरा, २७ जेठ (आदर्श समाज)-** गुरुङ फिल्म एसोसिएसन हङकङ (जिफाह) को नवौं वार्षिकोत्सव तथा पदयात्रा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न व्यक्तिलाई सम्मानसमेत गरिएको थियो । संस्थाका अध्यक्ष माया गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको संचालन विश्वास गुरुङले गरेका थिए । संस्थाका सल्लाहकार एवं चलचित्र निर्माता दुर्गा गुरुङ 'मिलन'को प्रमुख आतिथ्यमा भएको कार्यक्रममा फिल्मकर्मीसहित विभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति थियो । कार्यक्रममा जिफाहका संस्थापक अध्यक्ष रोशन गुरुङ, प्रमुख सलाहकार दिलीपसिंह गुरुङ, सल्लाहकार एवं हङकङ नेपाली महासंघका सामाजिक अभियन्ता रीता गुरुङ, सल्लाहका एवं तमु समाज हङकङका संरषक



कोमल गुरुङ 'स्याङ्जाली कान्छा', अर्का सल्लाहकार एवं तमु ट्होह्युल हङकङका निवर्तमान अध्यक्ष विजयकुमार गुरुङ, ट्होह्युल हङकङ अध्यक्ष ईश्वर गुरुङ, सल्लाहकार एवं तमु प्ये ल्हु संघ हङकङका अध्यक्ष मनबहादुर गुरुङ, तमु समाज हङकङ अध्यक्ष नरेन्द्रराज गुरुङ, प्रदेश १ तमु समाज हङकङ अध्यक्ष हेमप्रताप गुरुङ, सल्लाहकार एवं प्रवासी नेपाली मञ्च हङकङका भूपू अध्यक्ष सत्य घले, अर्का सल्लाकार कानुन व्यवसायी एवं चलचित्र निर्माता देव गुरुङ लगायतको उपस्थिति थियो । सो अवसरमा जेपिटीएचकेका संचालक कृष्ण गुरुङ, एचकेदर्पणका संचालक अनिल गुरुङ र एचकेनेपालका संचालक जगतबहादुर गुरुङ 'अम्बु' लाई सम्मान गरिएको थियो ।


## ७ दिने सूचना

प्रकाशित मिति:२०८२।०२।२८ गते

पोखरा महानगरपालिका वडा नं.२५ हेमजा, मार्गाटोल फुर्केटारी अन्तर्गत रहेको श्री छोन्हुप जिन्जु आधारभूत विद्यालय लोमन्थाङ गा.पा-३, छोन्हुप मुस्ताङको हकभोग तिरोभित्र एवम् निजको नाममा रहेको कित्ता नं.४३६७, क्षेत्रफल ४७६.८५ वर्गमिटरको जग्गामा विद्यालय भवन अभिलेखिकरणका लागि पोखरा महानगरपालिकाबाट भवन नक्सा पास प्रक्रिया गरी सो सम्बन्धमा मिति २०८२।०२।०४ मा सूचना प्रकाशित गरी सम्बन्धित स्थलमा सूचना गरिएको र उक्त सूचना प्रकाशित भएका मितिले ७ दिन पश्चात् मिति २०८२।०२।११ मा उक्त जग्गाको साँध सँधियारासहितको स्थलगत सर्जमिन मुचुल्का गर्न खोज्दा सो विद्यालय निर्माणस्थलको जग्गाको पूर्वतर्फ पर्ने कि.न ४९४९, ४९५० पश्चिमतर्फ पर्ने कि.न ६४२, ६४३, दक्षिणतर्फ पर्ने कि.न ११११३, ४७०८ तथा उत्तरतर्फ पर्ने कि.न ६४१ र बाटो पर्नेका सम्बन्धित जग्गाधनी कसैसँग पनि सम्पर्क हुन नसकेको हुदाँ सम्पर्कमा आउनका लागि पुनः यो ७ दिने सूचना प्रकाशित गरिएको छ । यदि सम्पर्कमा नआएको खण्डमा नियमानुसार भै जाने व्यहोरा समेत जानकारी गराइन्छ।

**पोखरा महानगरपालिका कार्यालय पोखरा, कास्की**



## धितोमा रहेको अचल सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

दोस्रोपटक प्रकाशित मिति : २०८२।०२।२८

यस संस्था बाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ता ले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्विकृत पत्र को सर्तमा तोकिए बमोजिम संस्थालाई तिर्नबुझाउनु पर्ने साँवा किस्ता तथा व्याज समेताका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई संस्थासँग भएको ऋण कर्जा सम्बन्धी सर्त कबुलियतहरु उल्लंघन गरिएकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको १५ दिने सार्वजनिक सूचना मिति २०७९।१२।१७ मा र मिति २०८२।०१।०९गते ऋण भुक्तानी गर्ने ७ दिने अन्तिम मौका ताकेता पत्र समेत जारी गरी यहाँहरुलाई बुझउँदा समेत, सो बमोजिम ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व पुरा नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ता ले यस संस्थालाई लेखिदिएको तपसिल बमोजिम को चलअचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सहकारी ऐन २०७४ नियमावली २०७५ एवं संस्थाको विनियम साथै अन्य प्रचलित नियम कानुन अनुसार गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरि संस्थाको लेना असुल उपर गरिनेहुँदा ईच्छुक महानुभाव ले तपसिलमा उल्लेखित सर्त बन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आह्वान गरिन्छ ।

**तपसिल**

| कर्जावालाको नाम र ठेगाना : | धनजमानत वालाको नाम ठेगाना : |
|---|---|
| ऋणीको नाम र ठेगाना :<br>ऋणी को नाम : ईन्द्रमाया के.सी.<br>स्थायी ठेगाना : पोखरा ५, कास्की<br>ना.न.६०६७२ जारी मिति : २०५४।१२।१३ कास्की<br>हालको ठेगाना : पोखरा म.न.पा. १०, कास्की<br>बाबुको नाम : कृष्ण बहादुर के.सी.<br>बाजेको नाम : लाल बहादुर के.सी | धनजमानत वालाको नाम ठेगाना :<br>१ नाम : कृष्ण कार्की<br>स्थाई ठेगाना : पोखरा ८, कास्की<br>ना.न.४७५९५ जारी मिति : २०५३।०५।२६कास्की<br>हालको ठेगाना : पोखरा म.न.पा. १०, कास्की<br>बाबुको नाम : खड्क बहादुर कार्की<br>बाजेको नाम : पदम बहादुर कार्की<br>२. नाम : प्रेम बहादुर तामाङ्<br>स्थाई ठेगाना : सैमराङ् ६ , कास्की<br>ना.न. १२३९८३ जारी मिति : २०५९।०५।२६ कास्की<br>हालको ठेगाना : पोखरा म.न.पा. १०, कास्की<br>बाबुको नाम : सदत कुमार तामाङ्<br>बाजेको नाम : डिल बहादुर तामाङ् |

धितो राखिएको सम्पत्ति विवरण :

| क्र.सं | धितोको किसिम | जग्गाधनीको नाम | कि.नं. | क्षेत्रफल | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जग्गा | ईन्द्रमाया के.सी. | ९८०४ | १८२।८० व.मी. | छिनेडाँडा ४ | |
| २ | जग्गा | ईन्द्रमाया के.सी. | ३३९९ | २५४।३२ व.मी. | छिनेडाँडा ४ | |

१) ऋणको विवरण :

| कर्जाको प्रकार | जम्मा तिर्न बाँकी रु. |
|---|---|
| व्यावसायिक कर्जा (ईन्द्रमाया के.सी.) | रु.८६,११,५०५।२० |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१ बोलपत्र फारम यस दीपज्योति बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालयबाट रु. ५००।००(फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ ।
२ शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भैसक्नु पर्ने छ । म्याद नाघी वा रित नपुगी आएको तथा सर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३ बोलपत्र बुझाउने अन्तिम दिन, खोल्ने दिन संस्थाको बिदा परेमा बिदा को लगतै सहकारी संस्था खुलेको दिनमा बोलपत्र बुझाउन, खोल्न सकिने छ । सो तोकिएको अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै दीपज्योति बचत तथा ऋण सहकारी संस्था खुलेको दिन दिउँसो १ बजे सम्ममा संस्थाको पोखरा ९ स्थित कार्यालयमा कारोबार गरी बोलपत्र खोल्न सकिने छ ।
४ बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरिलिन चाहेको हो अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५ बोलपत्रमा आँफुले कबोल गरेको रकम को १०% हुन आउने धरौटी रकम संस्थाको नाममा खिचीएको ड्राट,गुडफर पेमेण्ट चेक समेत सिलबन्दी बोलपत्रसाथ समाबेश गरि पेश गर्नुपर्ने छ ।
६ बढि रकम कबोल गर्ने को बोलपत्र स्विकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा १५ दिन भित्र नामसारी गरिसक्नु पर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १०% रकम स्वतः जफत हुने छ ।
७ कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा नेगोसियसन नगर्ने सम्पूर्ण अधिकार सहकारी संस्थामा सुरक्षीत रहने छ ।
८ ईच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाण मा छ सोहि अवस्था र परिमाण मा खरिद गर्नुपर्ने छ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न,हेर्न वा स्थलगत निरीक्षण गर्न चाहानुहुने महानुभावहरुले यस दीपज्योति बचत तथा ऋण सहकारी संस्था मा कार्यालय समयभित्र सम्पर्क राख्नसक्नुहुने छ ।
९ उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर,रजिष्ट्रेसन दस्तुर,सम्पत्ति कर,स्थानीय कर,अन्य शुल्क (बाँकी बक्यौता समत) सम्पुर्ण दायित्व आदि सकार गर्ने ब्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
१० उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पुर्ण जवाफदेही स्वयंम् खरिदकर्ताको हुनेछ, सहकारी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दाबी गर्न पाइनेछैन ।
११ लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिनेछैन । साथै लिलाम सदर्,बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्नपाइने छैन ।
१२ सिलबन्दी बोलपत्र यस सहकारी संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| | |
|---|---|
| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय २०८२/०३/११ गते कार्यालय समयसम्म | बोलपत्र राखिने मिति, समय र स्थान २०८२/०३/१२ गते दिउसो १ बजेसम्म, दीपज्योति बचत तथा ऋण सहकारी संस्थाको कार्यालय, पोखरा ९ |

**दीपज्योति बचत तथा ऋण सहकारी संस्था लि.**

पोखरा-९, कास्की । फोन : ०६१-५७२६१५



## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २८ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय जिरो कि.मि.बाट तपशिलमा उल्लेखित ऋणीले कृषि सहुलियत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **पि.सेभेन एग्रो फार्म प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : देवी कुमारी ठकुरी
दर्ता नं. : २६९१३५/०७८/०७९
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय — दर्ता मिति : २०७८/०५/०८
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला शुक्लागण्डकी न.पा. वडा नं. ११ — स्थायी लेखा नं. : ६१००६७६७९

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) नर बहादुर शाहीको छोरी हर्क बहादुर ठकुरीको बुहारी झलक बहादुर ठकुरीको पत्नी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० हाल, पोखरा म.न.पा. वडा नं. २ बस्ने **देवी कुमारी ठकुरी** (ना.प्र.नं. : १२१-२१९४-काठमाडौं, जारी मिति र जिल्ला : २०५४/०५/०४, कास्की)

२) हर्क बहादुर ठकुरीको नाति झलक बहादुर ठकुरीको छोरा कास्की जिल्ला लेखनाथ वडा नं. १२ हाल, पोखरा म.न.पा. वडा नं. २ बस्ने **देनिस बहादुर ठकुरी** (ना.प्र.नं. : ४६१००२/६४७८, जारी मिति र जिल्ला : २०६८/०६/३०, कास्की)

३) नुमान सिं गुरुङको छोरी झलक बहादुर ठकुरीको बुहारी देनिस बहादुर ठकुरीको पत्नी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० हाल, वडा नं. २ बस्ने **टिना ठकुरी** (ना.प्र.नं. : ४६-०२-७६-०२४३१, जारी मिति र जिल्ला : २०७६/११/०७, कास्की)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१) मिति २०८१/१२/०७ को प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८२/०२/०४ को सौर्य राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| पि.सेभेन एग्रो फार्म प्रा.लि. | तनहुँ जिल्ला थामडांडा वडा नं. १ | १ झ | ८८ | १-३-०-० |
| | | | ९३ | ०-८-०-० |
| | | | ८६ | १-४-२-२ |
| | | | ८ | ०-३-१-३ |
| | | | ८९ | १-३-०-० |
| | | | ९० | ०-७-२-२ |
| | | | ९५ | ८-२-०-० |
| | | | ९७ | ८-२-०-० |
| | | | ८७ | १-३-०-० |
| | | | ९४ | ८-१-०-२ |
| | | | ९१ | ०-८-०-० |
| | | | ९६ | ८-२-०-० |
| | तनहुँ जिल्लो गुणादी वडा नं. ७ | ७ख | ६२९ | ३-८-०-० |
| | कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १८ | ०९४०९६११९ | ९७ | १३९.७२ (व.मि.) |
| कृष्ण भुजेल | कास्की जिल्ला पदेली वडा नं. ३ | ०९३०८७५ | १३५५ | ०-४-०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०३/११ गते बुधबार भित्र यस बैकको शाखा कार्यालय जिरो कि.मि. आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१२ गते विहीबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय जिरो कि.मि.मा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


## आजको पञ्चांग

**ज्यो. गंगासागर उपाध्याय**
**मोबाइल : ९८५६०४१९२०**
**Youtube : GG TV Nepal**

विसं २०८२ साल ज्येष्ठ २८ गते बुधबार, तदनुसार इसं २०२५ जुन ११ तारिख, सिद्धार्थीनाम संवत्सर, श्रीसूर्यउत्तरायण, ग्रीष्मऋतु । चान्द्रमान अनुसार ज्येष्ठशुक्लपक्षको पूर्णिमा तिथि दिवा १२:४६ बजेसम्म, त्यसपछि आषाढकृष्णपक्षको प्रतिपदा रहनेछ ।

नक्षत्र : ज्येष्ठा वेलुका ८:१७ बजेसम्म, त्यसपछि मूल रहनेछ ।

विष्कुंभादी योग : साध्य दिवा २:४१ बजेसम्म, त्यसपछि शुभ रहनेछ ।

आनन्दादी योग : ध्वांक्ष ।

करण : बालव रात्रि १:२३ बजेसम्म, त्यसपछि तैतिल रहनेछ ।

श्रीसूर्य : वृष राशिमा, चन्द्रमा : बृश्चिक राशिमा वेलुका ८:१७ बजेसम्म रहनेछ ।

सूर्योदय : ५:०९ बजे, सूर्यास्त : बेलुका ६:५८ बजे हुनेछ ।

(आज : गैडुपूजा, मष्टपूर्णिमा, कवीरजयन्ती)

## राशिफल

**मेष** — आर्थिक लेनदेनमा समस्या उत्पन्न हुनेछ । स्वास्थ्य कमजोर नै रहला । सोचे अनुरुप कार्य नबन्दा नैराश्यता छाउनेछ । विश्वास गरेका व्यक्तिले धोका दिन सक्छन्, सजक रहनु होला । चिन्ता बढ्नेछ ।

**वृष** — विशिष्ट कार्यको जिम्मेवारी मिल्नेछ । मन मिल्ने व्यक्तिसँग भेट हुनेछ । पतिपत्नीबीच सम्बन्ध प्रगाढ रहनेछ । उत्साह उमङ्ग छाउनेछ । ऐतिहासिक कार्यको आरम्भले गर्दा धेरै व्यक्तिको साथ पाइनेछ ।

**मिथुन** — सामान्य झमेला आइलागे तापनि दृढताका साथ कार्यमा लाग्नुहोस्, जित तपाईंको नै हुनेछ । आर्थिक पक्ष बलियो नै रहनेछ । विपक्षी समेत मेलमिलापमा आउन बाध्य हुनेछन् । समर्थकहरु बढ्ने छन् ।

**कर्कट** — मानसिक क्षमताको कदर हुनेछ । भोजभतेरको निम्तो पाइनेछ । शत्रू पक्ष कमजोर बन्ने छन् । अघिदेखिका समस्या हल भएर जानेछन् । स्वास्थ्यमा सुधार हुनेछ । बौद्धिक क्षमताको बृद्धि विकास हुनेछ ।

**सिंह** — श्रमको सही मूल्याङ्कन मिल्ने छैन । दैनिक गर्दै आएका कार्यमा समेत समस्या सृजना हुनेछ । आफन्तजनसँग नै विवाद होला । असन्तोषी प्रवृत्तिले सताउनेछ । मातृपक्षको साथ सहयोगले कार्य गर्नुहोला ।

**कन्या** — साथीसंगीसँगको रमाइलो जमघट हुनेछ । पराक्रम बढेर जानेछ । कृषि एवं बन्दव्यापारमा लाग्ने व्यक्तिहरुका लागि आजको दिन विशेष लाभकारक रहनेछ । हर्ष बढ्नेछ । सृजनात्मक कार्यमा मन रमाउला ।

**तुला** — मन खुसी रहनेछ । अचल सम्पत्तिमा गरेको लगानिले दिगो रुपमा लाभ लिन पाइनेछ । द्वितीय भावमा स्थित चन्द्रमा ग्रहका प्रभावले अलमलको वातावरण बन्न सक्छ, पूर्व तयारीका साथ कार्यमा लाग्नु होला ।

**वृश्चिक** — भौतिक सुख-सुविस्ताका साधनहरु जुट्ने छन् । मान्यजनसँग सहकार्य गर्ने अवसर मिल्नेछ । बोलीकै भरमा ठूला ठूला कार्य बन्ने छन् । शैक्षिक क्षेत्रमा चासो रहनेछ । समय सुधारोन्मुख रहेको छ ।

**धनु** — असन्तोषी प्रवृत्ति रहनेछ । टाढाको यात्रा कष्टकर रहला । व्यर्थको कार्यमा भुल्दा महत्वपूर्ण अवसर फुत्कनेछ । आम्दानीको तुलनामा खर्चको मात्रा ज्यादा हुँदा तालमेल मिलाउन गाह्रो पर्नेछ । संयम रहनु पर्नेछ ।

**मकर** — सुखसुविस्ताका साधनहरु जुट्ने छन् । सानो लगानीले नै धेरै लाभ मिल्दा, हर्ष बढ्नेछ । आयमूलक कार्यमा ध्यान जानेछ । अवसरहरुहले पछ्याउने छन् । नयाँ मित्र बनाइनेछ । आकस्मिक लाभ हुनेछ ।

**कुम्भ** — धेरैको विश्वासको पात्र भइनेछ । शैक्षिक क्षेत्रमा उन्नतिको संकेत देखिन्छ । विशिष्ट व्यक्तिसँग सम्पर्क बढ्नेछ । आर्थिक पक्ष बलियो रहँदा लगानि गरिनेछ । विश्वास दिलाउन सक्दा नयाँ जिम्मेवारी मिल्नेछ ।

**मीन** — रोकिएका वित्तीय कारोबारले गति लिने छन् । स्वास्थ्यमा सुधार हुनेछ । अवसर प्राप्तिको योग बनेको छ । टाढिएका आफन्तजनसँग मिलन हुनेछ । परोपकारी कार्यमा सहभागी भइनेछ । जिम्मेवारी बढ्नेछ ।